थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईन्द्रायणीचौर,मकवानपुर

# शिलवन्दी बोलपत्र फारम

बोलपत्र प्रकाशित मिति २०७६/०७/०५

आ. व. २०७६/०७७ को लागि ढंगा,गिट्टी,ग्रावेल,बालवा उत्खनन्,संकलन तथा निकासी कर उठाउने सम्बन्धी शिलवन्दी बोलपत्र आव्हान

# थाहा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# ईन्द्रायणीचौर,मकवानपुर

**आ.व.२०७६/०७७को लागि ढंगा,गिट्टी,ग्रावेल,बालवा उत्खनन्,संकलन तथा निकासी कर उठाउने सम्बन्धी शिलवन्दी बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७६/०७/०५**

**यस नगरपालिकाको कार्यालयबाट नेपालको संविधान २०७२ को अनुसूची-८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११, उपदफा २ घ को (६) दफा ६४ उपदफा १(च) ३ नं. प्रदेश सरकारको आर्थिक ऐन २०७५ को दफा ८ (१) र सो संग सम्बन्धित अनुसुची ६, प्रदेश नं. ३ को नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ बमोजिम थाहा नगरपालिकाको तपसिलका नदीहरुको घाटहरुबाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE)मा व्यवस्था भए अनुसार निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी घाटगद्दी गर्न र घाटगद्दीबाट थाहा नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी तपसिलमा उल्लेखित न्यूनतम ठेक्का अंकमा नघटने गरी आ.व. २०७६/०७७को मिति २०७६मार्ग देखि २०७७ आषाढ मसान्तसम्मको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र तपसिलमा उल्लेखित कानूनी प्रकृया पुरा गरेका ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७५/०७६ को कर चुक्ता प्रमाणपत्र, कारवाही वा कालोसूचीमा नपरेको स्वघोषणा, अख्तियारनामा को प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन थाहा नगरपालिकाको निर्णय बमोजिम स्थानीय तहको अधिकार क्षेत्र भित्रका देहायका ठेक्का शिलबन्दी बोलपत्र मार्फत बन्दोवस्त गनुपर्ने भएकाले प्रथम पटकको लागि यो बोलपत्र आह्वानको सूचना सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।**

**तपशील**

| सि.न | ठेक्का नं. | ठेक्काको विवरण | जम्मा उठाउन पाउने परिमाण | अधिकतम उत्खनन्, गर्ने परिमाण | छनौट भएको बोलपत्र दाताले उठाउन योग्य परिमाण | न्युनतम अंक **(भ्याट वाहेक)** | दर रेट | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| **१** | **०१-२०७६/७७** | ढुगां,गिट्टी,बालुवा, ग्राभेल उत्खनन, संकलन तथा बिक्री वितरण | ३९,७९,८७७क्युफिट | ३९,७९,८७७ क्युफिट | ३९,७९,८७७ क्युफिट | २,६८,६४,१६८। (दुई करोड अठ्सट्ठी लाख एक शय अठ्सट्ठी) | प्रति क्यूफिट रु.९ | ५०००। |
| **२** | **०२-२०७६/७७** | गैरी गाउं खानी ढुगा निकासी थाहा १२ टिस्टुङ | ५,५८,३५० घ मी | ५,५८,३५० घ मी | ५,५८,३५० घ मी | २५,१२,५७५। (पच्चिस लाख बाहहजार पांच शय पचहतर) | प्रति क्यूफिट रु.६ | २०००। |

**१. ठेक्का को बोलपत्र फारम यस कार्यालयबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मिति देखि ३० औं (तीस) दिन सम्म कार्यालय समय भित्र शिलबन्दी बोलपत्र फारम खरिद गर्न सकिने छ र बोलपत्र बुझाउँदा खरिद भएका बोल पत्र ३१ औं दिनको १२:०० बजेसम्म दाखिला गर्न सकिनेछ । दाखिला हुन आएका बोल पत्र सोही दिनको २:०० बजे यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा प्रतिनिधीको उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।**

२. खरिद भएको शिलबन्दी बोलपत्र फारम न्युनतम तोकिएको कुल ठेक्का अंकको पाच प्रतिशत रकम नगदै कृषि विकास बैंक पालङ शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ०५०८४०११५५७३८०३० मा दाखिला गरेको सकक्ल भौचर वा कम्तिमा ९० दिन म्याद भएको बैंक जमानी पत्र BID BOND संलग्न गरी रीत पूर्वक सहि छाँप तथा शिलबन्दी गरि बोलपत्र दर्ता आफै वा प्रतिनिधि मार्फत दाखिला गर्न सकिने छ ।

३. बोलपत्र दाताले पेश गरेको बोलपत्र फिर्ता वा संशोधन गर्न चाहेमा दर्ता गर्ने अन्तिम समय समाप्त हुनुभन्दा चौविस घण्टा अगाडी फिर्ता वा संशोधन गर्न सकिने छ । तर सि.न. १ को फिर्ता हुने छैन ।

४. ठेक्का अवधि २०७७ असार मसान्त सम्म हुनेछ ।

५. बोलपत्र फारम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुनेगरी उल्लेख भएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता लिईनेछ ।

६. बोलपत्र स्वीकृत भएको ७ दिन भित्रमा नियमानुसार आय कर/मु.अ. दर्ता प्रमाणप पत्रको सक्कल लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधिमा भित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरिनेछ । दोस्रो पक्षको बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुन : बोलपत्र आह्वान गर्ने वा नगर्ने अधिकार नियमानुसार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. स्वीकृत ठेक्का अंकलाई ४ किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता ३०% सम्झौता गर्दा कै बखत (५प्रतिशत धरौटी समेत) दोस्रो किस्ता २५% र अन्तिम किस्ता २५% गरी तीन किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता ५०% सम्झौता गर्न अगावै दाखिला गरी बांकी ५०% को हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७७ श्रावण मसान्त सम्म मान्य हुने बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

८. बन्द हडताल,चक्काजाम,लगायत अन्य सिर्जित कारण बाट सिर्जना हुने अवस्थाको कारण कर छुट वा मिनाहा दिन नसकिने हुदा कवोल अंकमा कुनै किसिमको छुट वा मिनाहा दिईने छैन । साथै कर छुट वा मिनाहा माग गर्न पाईने छैन ।

९. शुल्क उठाउने रसिदमा ठेक्काको शिर्षक उल्लेख गरी ३/३ प्रतिवाला रसिद ठेकेदार आफनै तर्फ बाट छपाई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नं.दाखिला गरेर मात्र कर दस्तुर उठाउने प्रयोगमा ल्याउनु पर्नेछ ।

१०. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने,आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । बोलपत्र पेश गर्दा बोलपत्रदाताको तर्फ बाट कुनै किसिमको शर्त मान्य हुने छैन । शर्त सहितको बोलपत्रलाई बदर मानिने छ । सथै रित नपुगी वा म्यादनाघी आएको बोलपत्र उपर कुने कारवाही हुने छैन ।

११. बोलपत्रदाताले अदालत,नेपाल सरकार, प्रदेश सरकार, नगरपालिकाको नीति,निर्देशन,तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु बोलपत्र दाताको कर्तव्य एवम् दायित्व हुने छ । नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षति हानि नोक्सानी हुन गएमा सो को क्षतिपूर्ति दावि ठेकेदारले नागरपालिका संग गर्न पाउने छैन ।

१२. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा ठेक्का तोडी बांकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट अशुल उपर गरिनेछ । अशुल गर्न बाकी रकममा १० प्रतिशत थप क्षतीपूर्ती समेत जोडी सरकारी बांकी सरह अशुल उपर गरिनेछ ।

१३. ठेकेदारले उठाउने कर यस कार्यालयद्धारा तोकिएको उत्पादन स्थल वा तोकिएको संकलन केन्द्रमा मात्र उठाउनु पर्नेछ । कर संकलन सम्बन्धि सूचना पाटी अनिवार्य रुपमा ठेकेदारले लेखेर संकलन केन्द्रमा राख्नुपर्ने छ ।

१४. बालुवा,ढुंगा,गिट्टी उठाउने सन्दर्भमा प्रदेश अनुगमन समिति,जिल्ला अनुगमन समिति तथा समन्वय समिति र थाहा न.पा.बाट निर्देशन भए बमोजिम हुनेछ ।

१५. कर, दस्तुर, शूल्कको दर लगायत अन्य शर्तहरु वोलपत्र फारममा उल्लेख गरिएको छ । नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित कानून वमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शूल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो वापत बुझाएको रकमलाई कवोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईने छैन ।

१६.यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

१७. यस नगरपालिकाका नदि तथा खोलाहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दभर्मा स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था, प्रदेश आर्थिक ऐन २०७५ (प्रदेश नं.३को नदिजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन क्ष्भ्भ एवं नेपाल सरकारबाट भएका निर्देशनहरु, वा उल्लेखित प्रावधान विपरित हुने गरी कार्य गर्न पाईने छैन ।

१८. यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, कार्यपालिका तथा नगर सभाका निर्णयहरु यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् । साथै नेपाल सरकारका अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

१९.खोलाको पुल,मल्भर्ट,कज्वे सडक बाटो कुलो तथा सार्वजनिक निर्माण स्थलबाट तल माथि ५००मिटर भित्र ढुंगा,गिटी,वालुवा आदि निकाल्न पाईने छैन ।

२०. नदि,खोला, बगर एवं सार्वजनिक आवागमनमा वाधा हुने गरि संकलित सामान जम्मा गर्न पाईने छैन ।

२१.कामदारहरुका लागि प्राथमिक उपचार, माक्स, हेल्मेट आदिको व्यवस्थापन साथै कामदारको आवश्यक बीमा गराउने कार्य स्वयं संस्था/फर्म/कम्पनीले नै गर्नु पर्ने छ ।

२२. बोलपत्र सम्बन्धि दररेट ,अन्य शर्त तथा विस्तृत जानकारीका लागि कार्यालयको सुचना पाटीमा हेर्न हुन वा कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्नु हुन सम्बन्धित सबैलाई जानकारी गराईन्छ । साथै कुन कुन माल बस्तुमा के कति दरमा कर, लिन पाउने भन्ने बारेको विस्तृत विवरण बोलपत्र फारम साथ संलग्न गरिएको छ ।

२३.ढुंगा गिटी,वालुवा उठाउन हेविईक्युपमेण्टको प्रयोग गर्न पाईने छैन । यदि प्रयोग गर्नु पर्ने अवस्था भएमा नगर स्तरिय अनुगमन समितिको पूर्व स्वीकृति लिनु पर्ने छ ।

२४. IEE ले तोके वमोजिमको मापदण्डमा गिटी,वालुवा ढुंगा उठाएको छ छैन सो को वडास्तचीथ अनुगमन समितिले अनुगमन गर्ने छ । मापदण्ड विपरित गिटी,वालुवा, ढुंगा उठाएको पाईएमा तत्काल कामबन्द गर्न लगाई नियमानुसार कारवाहि गरिने छ ।